## शहिद लखन गाउँपालिकाको
## एघारौं गाउँसभा तथा बजेट अधिवेशनमा
## गाउँपालिकाका अध्यक्ष श्री रमेश वावु थापा मगर ज्यूले
## प्रस्तुत गर्नु भएको
## आर्थिक वर्ष २०७९।८० को

# नीति तथा कार्यक्रम

शहिद लखन गाउँपालिका

गोरखा

२०७९ साल असार ६ गते

शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०७ ९।८० को नीति तथा कार्यक्रम सभामा उपस्थित उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु र सम्पूर्ण कर्मचारीज्यूहरु ।
आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रमको गरिमय सभामा शहिद लखन गाउँपालिकाको तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

शहिद लखन गाउँपालिका नेपालकै प्रथम शहिद लखन थापा मगर जसले जहानीयाँ सरकारको विरुद्धमा न्याय, समानता र अधिकारका बारेमा आवाज उठाउँदै विद्रोह बोले । चेतनाका झिल्को सल्काउँदै जनताहरुमा संगठित र जागरुक बनाएर र अन्यायको प्रतिवाद गरिरहे । यस बापत लखन थापा मगर, जैसिंह चुमी राना मगर लगायत उनका सहयोद्धाहरुलाई मृत्युदण्ड दिइयो । तिनै शहिदहरुको रक्तरंजित भूमिलाई समेटेर र राज्यद्धारा उपेक्षित वर्ग समुदायलाई स म्बोधन हुने गरी शहिद लखन गाउँपालिकाको नामकरण भएको छ । देश र जनतालाई सार्वभौम र अधिकार सम्पन्न बनाउन विभिन्न समय क्रममा ऐतिहासिक सं घर्ष तथा आन्दोलनमा बलिदान प्रदान गर्नुहुने नेपालकै प्रथम शहिद लखन थापा मगर , जैसिंह चुमी राना मगर लगायत देश र जनताका हितका निम्ति ज्यानको बलिदान गर्ने अमर वीर शहिदहरुप्रति भावपू र्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।नेपालको सार्वभौमिकता र अखण्डतालाई कायम राख्दै नेपाली समाज निर्माण (परिवर्तन) गर्ने हाम्रा अग्रजहरुप्रति सम्मान व्यक्त गर्न चाहान्छु । नेपाली राजनीतिका शिखर व्यक्तिहरु जसले आफू मैन बत्ती झै जलेर पनि समाजलाई उज्यालो आलोक छर्ने प्रयत्न गरे उहाँहरुलाई आदरपूर्वक सम्मान गर्न चाहन्छु । रा जनीतिक स्वतन्त्रता, प्रजातन्त्र तथा आमूल परिवर्तनका निम्ति नेपाली जनताले पटक पटक सञ्चालन गर्दै आएको जनआन्दोलन , विद्रोह तथा जनयुद्ध लगायत सबै प्रकारका त्याग र बलिदानका गौरवपू र्ण इतिहासलाई स्मरण गर्न चाहान्छु । साथै बेपत्ता परिवार एवं पीडित नागरिकहरु प्रति गहिरो सम्मान व्यक्त गर्न चाहान्छु ।

नेपालको संविधानले तीनतहको सरकारको व्यवस्था गरी कार्य जिम्मेवारीको बाँडफाँट सहित प्रत्येक तहले आफ्नो अधिकार क्षेत्रभित्रको बिषयमा कानून बनाउने, नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने, बार्षिक बजेट बनाउने रनिर्णय गर्ने अधिकार र जिम्मेवारी पनि तहगत सरकारलाई प्रदान गरेको छ।संघीय शासन प्राणलीको उद्देश्य सरकारलाई जनताको नजिक पुर्याउनु र विकासमा जनसहभागिता गराई अपनत्वको विकास गराउनु हो । नेपालमा संघीयता कार्यान्वयन सँगै पहिलो पटक स्थानीय तहको निर्वाचन भई पाँच वर्षे कार्यकाल पुरा भई भर्खरै मात्र स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ। संघीयता कार्यान्वयनको आधारशिला रहेको स्थानीय तहले जनताको नजिक रहेर जनतालाई सेवा तथा विकासको प्रत्याभूती दिलाउने कार्य गरिरहेको छ । स्थानीय तह सदस्य निर्वाचन, २०७९ पश्चात निर्वाचित जनप्रतिनिधिहरुबाट निर्मित यो पहिलो नीति तथा कार्यक्रम रहेको छ।

विगत २ वर्ष देखि विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीले नागरिकको स्वास्थ्य गम्भिर जोखिममा थियो भने समाजिक जनजीवन र आर्थिक क्रियाकलाप पुरै संकुचित भएको थियो । उत्पादन, वितरण तथा उपभोग प्रणालीमा असन्तुल भएको अवस्था थियो । कोभिड-१९ बाट अस्तव्यस्त भएको नागरिको जनजीवनले पुनः गति लिन थालेको छ । सिमित साधन र स्रोतका बिच कोभिड-१९ को महामारीबाट गाउँपालिकाबासीहरुलाई सुरक्षित राख्नक अहोरात्र खटिनु हुने स्वास्थ्य कर्मी, जनप्रतिनिधि, कर्मचारीहरु धन्यबादका पात्रहरु हुनु हुन्छ ।

## ❖ चालु आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रमको समिक्षा

१. कृषि तथा पशु पालनलाई व्यवसायिक बनाई नागरिकको जीवन स्तरमा सुधार गर्नका लागि वडा नं. ६ र ९ मा भौसि पकेट कार्यक्रम, वडा नं. ७ मा बंगुर पकेट कार्यक्रम, वडा नं. ४ र ९ मा मकै पकेट कार्यक्रम, वडा नं. ५ मा बाख्रा पकेट कार्यक्रम र वडा नं. १, २, ३ र ८ मा धान जोन कार्यक्रम संचालन गरीएको ।

२. जग्गा भाडामा लिई कृषि तथा पशु पालन व्यवसाय संचालन गरी रहेका व्यक्तिहरुलाई २५% जग्गा भाडा अनुदान प्रदान गरी व्यावसायिक कृषि उत्पादनमा जोड दिइएको।

३. महिला सहकारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरीएको ।

४. गरीबि निवारणक लगि लघु उद्यम कार्यक्रम (मेड्पा) मार्फत् सिप विकास तथा उद्यमशिलता विकासका कार्यक्रमहरु संचालन गरी स्वरोजगारी सृजना गरीएको ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् बोरोजगार युवाहरुलाई कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना अन्तरगतका कार्यक्रमहरु मार्फत् रोजगारी सृजना गरी करिब २०० युवाहरुलाई रोजगारी प्रदान गरीएको ।

६. नेपालको संबिधान तथा स्थानीय सरकार संचालन ऐनले प्रदान गरेको अधिकार प्रयोग गरी कक्षा १-३ को स्थानीय पाठ्यक्रम तयार गरी लागु गरीएको ।

७. दरबन्दी कम भएका र विद्यार्थी संख्या धेरै भएका विद्यालयहरुमा स्वयम् सेवक शिक्षकको व्यवस्था गरी पठन पाठन कार्यलाई सहज बनाईएको।

८. विद्यालयमा गणीय सुधार वर्षको रुपमा गणित विषयको अतिरिक्त कक्षा संचालन गरिएको छ।

९. ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत् गर्भवती महिलाहरुको स्वास्थ्य जाँच गर्ने तथा सुत्केरी महिला प्रोत्साहन कार्यक्रमबाट मातृ तथा शिशु मृत्यु दर घटाउन सफल भएको ।

१०. जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम मार्फत् सत्तरी वर्ष माथिका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई घर दैलोमा नै गई स्वास्थ्य जाँच गरी आवश्यक औषधिहरु निःशुल्क प्रदान गरीएको ।

११. दलित तथा अल्पसंख्यक समुदायका लागि क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु संचालन गरिएको ।

१२. वडा नं. २, ३, ४, ५, ६, ७ र ८ को नयाँ कार्यालय भवन निर्माण भई सोही भवन बाट सेवा प्रवाह सुचारु भएको छ जसबाट सेवाग्राहीहरुलाई सेवा लिन सहजता भएको छ भने वडा नं. १ र ९ को नयाँ कार्यालय भवन निर्माणको प्रक्रिया अघि बढेको छ र आगामी आ.व. मा निर्माण सम्पन्न गरिने।

१३. गाउँपालिकाको बहुउद्देश्यिय सभहल निर्माण सम्पन्न भई सञ्चालनमा रहको ।

१४. गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माणाधिन रहेको छ र आगामी आ.व. मा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको ।

१६. मनसुन जन्य विपद्का कारण घर गोठ जोखिममा रहेका व्यक्तहरुलाई तारजाली, त्रिपाल तथा प्लाष्टिक वितरण गरिएको ।

१७. सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत् वितरण गर्ने गरिएको छ।

१८. गाउँपालिकाको संगठन तथा संरचनाको सर्वे गरी संगठन तथा संरचना निर्माण गरी कार्यान्वयनमा ल्याईएको ।

१९. गाउँपालिकाको प्रथम आवधिक योजना २०७८।०७९- २०८२।८३ निर्माण गरीएको ।

२० गाउँपालिका भित्र रहेका सडकहरुको स्तरोन्नती तथा विकासका लागि सडक गुरुयोजना निर्माण गरिएको ।

२१. गाउँपालिकाबाट संकलन गरीने राजश्वहरु सबै वडा तथा गाउँ कार्यपालिकको कार्यालयमा कप्युटरिकृत माध्यमबाट संकलन गर्ने व्यवस्था गरीएको छ।

## ❖ सोंच्लक्ष्य र उद्देश्य ,ः

यस गाउँपालिकाको प्रथम आवधिक योजनाले लिएको **"कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहीद लखन"**को दीर्घकालीन सोचलाई योजनावद्ध रुपमा कार्यान्वयन गरी शहीद लखन गाउँपालिकावासीको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधारकालागि विकास प्रकृयालाई संस्थागत गर्नु नै यस नीति तथा कार्यक्रमको मुख्य सोच, लक्ष्य र उद्देश्य रहेको छ । यस नीति तथा कार्यक्रमको लक्ष्य तथा उद्देश्य देहाय बमोजिम रहेका छन्

१) कृषि र पर्यटन क्षेत्रको समावेशी विकास मार्फत शहीद लखनवासीको रोजगारी र आयमा वृद्धि गरी जीवनस्तर सुधार गर्नु

२) गुणस्तरीय भौतिक पूर्वाधारको विकास र विस्तार गर्नु,

३) शिक्षा, स्वास्थ्य, युवा र महिला बालबालिका लगायत सामाजिक क्षेत्रको समतामूलक विकास गर्नु

४) विपद व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रूपमा सञ्चालन गर्नु,

५) संस्थागत सुदृढीकरण गर्दै सुशासनको प्रत्याभूत गर्नु

## ❖ नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः

यस आ.व. को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका दस्तावेजहरुको अध्ययन गरिएको छ ।

- नेपालको संविधान,
- नेपालको पन्धौं योजनाको दस्तावेज,
- नेपालको दीर्घकालीन सोचपत्र विसं २१०० (२०४३ सन),
- दीगो विकासका लक्ष्यहरु तथा तिनले निर्धारण गरेका प्रमुख क्षेत्रहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली, २०७६
- सङ्घ, प्रदेश र स्थानीय तह ऐन (समन्वय तथा अन्तरसम्बन्ध), २०७७
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
- स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७५,
- नेपाल सरकार, गण्डकी प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु,
- गाउँपालिकाको पहिलो आवधिक योजना, २०७८।७९-२०८२८३,
- शहिद लाखन गाउँपालिकाका कानुनहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन,
- श्रोत तथा बजेट सिमा निर्धारण समिति तथा विषयगत समितिहरुको मार्गदर्शन
- गैह्र सरकारी संघ संस्था, नागरिक समाज, बुद्धिजीवि लगायतका सुझावहरु,
- शहिद लखन गाउँपालिकाको वितग आर्थिक वर्षहरुको अनुभव तथा सिकाईहरु ।

## ❖ क्षेत्रगत नीति तथा कार्यक्रमहरुः

### कृषि नीति

१. "उत्पादन र उत्पादकत्वमा जोड दिऔं आत्मनिर्भर बनौं" भन्ने नाराका साथ कृषिजन्य बस्तुहरुका उत्पादनमा जोड दिने नीति तय गरिने छ ।

२. खेतीयोग्य जमिनलाई बाँझो नराखी उत्पादन बढाउनको लागि ५ रोपनि भन्दा बढि जग्गा बाझो राख्ने कृषकलाई भूमिकरमा दोब्बर दस्तुर लिने नीति लिइनेछ ।

३. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक, जोन तथा सुपर जोनको बिकास गरी सघन व्यबसायिक खेती प्रणाली अघि बढाइनेछ ।

४. एक गाउँ एक उत्पादनको नीतिलाई आत्मसाथ गर्दै कृषि उत्पादनमा जोड दिने नीति तय गरिनेछ।

५.एक वडा एक कृषि उपज संकलन केन्द्रको स्थापना गरी त्यस क्षेत्रको उत्पादनलाई मूल्य श्रृंखलासंग जोडी कृषि सहकारी र हाटबजार मार्फत सहज बजारीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

६.रैथाने बालीलाई संरक्षण गर्दै उन्नत जातका बालीहरुलाई व्यवसायिकरण गर्न जोड दिइने छ ।
७.कृषिउत्पादन बृद्धि गर्नका लागि कृषि पेशालाई आधुनिकिकरण एवं व्यावसायिकरण गरिने छ ।
८.बाँझो तथा उत्पादनशिल जग्गा भाडमा लिई  ब्याबसायिक खेतीगर्ने कृषकहरुको लागिजग्गा भाडा उपलब्ध गराईने छ ।
९.कृषि कार्यलाई छिटो तथा सजिलो बनाउनका लागि यान्त्रिकीकरणमा सहयोग गरिने छ ।
१०.कृषक तथा प्रबिधिकहरुको क्षमता अभिबृद्धिका लागिनयाँ प्रविधिका तालिम/ गोष्ठी संचालनगरिने छ ।
११.प्राङ्गारिक कृषि उत्पादनलाई जोडदिने कार्यक्रमहरु  संचालनमा ल्याईने छ ।
१२. भौगोलिक अबस्था,जग्गाको माटोको प्रकार, र हावापानी हेरी बाली बिषेशका पकेट कार्यक्रमहरु संचालनगरिने छ ।
१३.महिला तथा बिपन्न बर्गलाई समेटने गरि मौरी,च्याउ र बेमौसमी तरकारी खेती कार्यक्रम संचालनमा ल्याईने छ ।
१४.उत्पादनमा आधारित भई कृषकलाई अनुदान दिने कार्यक्रम संचालन गरिने छ ।
१५.कृषि उपजको सहजबजारी करणको लागि कृषि एम्बुलेन्स सेवा संचालन गर्ने निति लिईनेछ ।
१६.युवा कृषकहरुको लागि रोजगार सृजनागर्न  आर्थिक सहयोग गर्ने कार्यक्रम संचालनगरिने छ ।
१७. एक वडा एक नर्सरी स्थापना कार्यकम सञ्चालन गर्ने नीति लिइनेछ ।
१८. रेशम खेती कार्यकमलाई प्रोत्साहन गरिनेछ ।
१९. बादर आतंक न्यूकिरणका लागि सामुदायीक वन तथा सार्वजनिक जग्गामा सामुदायिक वन उपभोक्ता समितिसँग समन्वय गरी  फलफूल लगाएतका विरुवाहरु रोपणको  नीति अवलम्वन गरिने छ ।

## *पशुपंक्षी विकास नीति :*

१. उत्पादन र उत्पादकत्वमा जोड दिँऔ आत्मनिर्भर बनौँ' भन्ने नाराका साथ पशुजन्य वस्तुहरुको उत्पादनमा  जोड दिँदै व्यवसायिक उन्मुख नीति लिईने छ ।
२.परम्परागत एबंम् निर्बाहमुखी कृषि तथा पशुपालनलाई व्यबसायिकरण गर्दै गाउँपालिकाबाट कृषि तथा पशुपंक्षीजन्य उत्पादन आत्मनिर्भर हुँदैप्रतिस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

३.पशुपन्छी रोगहरुको रोकथाम नियन्त्रण गरि स्वच्छ उत्पादनमा जोड दिदैं पशुपंक्षीलाई खोप तथा औषधी उपकरणको व्यवस्था मिलाईने र पशु स्वस्थ शिविर संचालन गरिनेछ ।

४.पशुजन्य र पन्छीजन्य उत्पादन गर्ने कृषकहरुलाई प्राविधिक सहयोग र गोठ तथा खोर सुधार कार्यकमलाई निरन्तरता दिइने छ ।

५.पशुपालन व्यवसायलाई रोजगारीको महत्वपूर्ण क्षेत्रको रुपमा विकास गर्न नमूना परियोजना संचालन गर्ने नीति लिईने छ ।

६.पशुमा नश्ल सुधार, उत्पादकत्व बृद्धिको आधारले गाई ,भैंसी र बाखाको कृतिम गर्भाधान कार्यक्रमलाई उच्च प्राथामिकतामा राखी नश्ल सुधार पशुहरुको संख्या बृद्धिमा जोड दिईने छ ।

७.निर्वाहमुखी कृषकलाई व्यवसायिक बनाउनका लागि प्रोत्साहन स्वरुप दिदै आएको उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

८.कृषकको लागतमा कमि ल्याई पशुजन्य उत्पादनको लागि निजि ,सामुदायिक तथा सार्वजनिक क्षेत्रमा घाँस विकासमा जोड दिईने छ । जसको लागि घाँस तथा बिउ/बेर्नामा अनुदानको व्यवस्था मिलाईने छ ।

९.कृषक  तथा कृषि प्रविधिकहरुलाई नयाँ प्रविधिको लागि तालिम , गोष्ठी जस्ता कार्यक्रम संचालन गर्नुका साथै व्यवसायिक फर्महरुलाई यान्त्रिकीकरण अनुदानको व्यवस्था गरिने छ ।

१०.पालिकाभित्रका पशुहरुको स्वास्थ्य बिमा गरिने नीति लिइने छ ।

११.पशुजन्य र पन्छीजन्य उत्पादनलाई बजार सम्म पहुँच बढाउन र उत्पादनलाई प्रशोधन गर्ने कार्यमा सहकारी संस्थाहरुसँग सहकार्य गरिने छ ।

१२.भौगोलिक क्षेत्र अनुसारको पकेट कार्यक्रमलाई निरन्तरता दिईने नीति लिइने छ ।

१३. माछा पालन कार्यक्रमलाई विस्तार गर्ने निति लिईनेछ ।

## सहकारी नीति

१. सहकारी मूल्य मान्यता र सिद्धान्त अनुरुप सहकारी संस्थाहरुको स्थापना, विकास र सञ्चालनका लागि प्रर्वधनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. सहकारी संस्थाहरुको क्षमता विकास गरी गाउँपालिकाको समग्र विकास प्रकृयामा सहकारी संस्थाहरुलाई महत्वपूर्ण खम्बाको रुपमा स्थापित गराउने नीति लिइनेछ ।

३. दलित, सिमान्तकृत, अल्पसंख्यक तथा सर्वसाधारण गाउँपालिकाबासी नागरिक माझ सहकारीको पहुँच विस्तारमा सहकारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

४. गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुको अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गरिनेछ ।

५.बहुउद्देश्यीय र बचत तथा ऋण सहकारी संस्था दर्तालाई व्यवस्थित र उद्देश्यमूखी बनाई अन्य सहकारी संस्थाहरुलाई पनि व्यवस्थित गराउने नीति लिइनेछ ।

६. शिक्षक, कर्मचारी लगायतका पेशामा आवद्ध व्यक्तिहरुलाई आफ्नो पेशासँग सम्बन्धित सहकारी बाहेकको सदस्य रहन नदिने व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

७. सहकारी दर्ता र नियमन कार्यलाई व्यवस्थित बनाउन प्रविधिमैत्री सहकारी अवधारणाको आधारमा दक्ष जनशक्ति तथा प्रविधिको व्यवस्थापनमा लगानी गरिनेछ ।

८.श्रमिक तथा पेशाकर्मीहरुको हक अधिकार संरक्षण तथा व्यवसायिकता विकासको लागि श्रमिक सहकारि संस्था स्थापनालाई प्राथमिकतामा राखिनेछ ।

## ऐतिहासिक र साँस्कृतिक क्षेत्रहरुको विकास तथा पर्यटन विकास सम्बन्धी नीति

१.देशमा भएका प्रजातान्त्रिक आन्दोलन, दश वर्षे जनयुद्ध र १९ दिने शान्तिपूर्ण आन्दोलनमा यस गाउँपालिका भित्र शहादात प्राप्त शहिद, बेपत्ता तथा घाइते व्यक्तिहरुको सम्मान स्वरुप एक प्रतिष्ठान स्थापन गरिने नीति तय गरिनेछ ।

२. लखन किल्लामा प्रथम जनविद्रोहका सबै शहिद तथा योद्धाहरुको संग्रहालय र स्मारक बनाई जनस्तरमा उनीहरुको योगदानबारे परिचित गराउने नीति लिइनेछ ।

३. वडा नं ६ मा निर्माणधिन सहिद तथा बेपता स्मृति पार्कको विकास गरी देश र जनहितको निम्ति बलिदानी दिने सहिदहरुको सम्मान गर्ने नीति लिइनेछ ।

४. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।

५. विभिन्न संघ संस्था मार्फत यस गाउँपालिकाको पर्यटकीय, धार्मिक लगायत अन्य महत्वपूर्ण क्षेत्रहरुको पहिचान र प्रवर्द्धन गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६. गाउँपालिका भित्रका संभावित पर्यटन क्षेत्रलाई वातावरणमैत्री बनाइदै लगिनेछ ।

७. पर्यटन क्षेत्रलाई बिस्तार र विकास गर्न होमस्टेहरुलाई प्रोत्साहन गरिनेछ ।

८.पर्यटकीय सम्भावना भएका गाउँपालिका क्षेत्रका ऐतिहासिक तथा पुरातात्विक,साँस्कृतिक स्थानहरुको पहिचान र विकासमा जोड दिइनेछ ।

९. पुरातात्विक महत्व बोकेको प्रथम शहिद लखन थापा मगरको किल्ला, प्रसिद्ध धार्मिक तथा सांस्कृतिक तीर्थ स्थलहरु मनकामना माईको मन्दिर, त्रिवेणी मन्दिर, बक्रेश्वरी मन्दिर, सिद्ध लखन गुफा, हिमालयमाई मन्दिर, अर्लाङ्दी माईको मन्दिर, भीमविरेश्वर महादेव, जलकन्या माईको मन्दिर , शहीद लखन गुफा , कोटकाली, थानीथान, सन्तानेश्वर महादेवको मन्दिर, वर्चुली थान, चुलेभिर भ्यू पार्क, सहिद तथा वेपता स्मृति पार्क, सिद्ध लखन भ्यू

टावर, चेपाङ संग्रहालय बालेश्वरी मन्दिर, मकैपुर बौद्धनाथ गुम्बाको गुरुयोजना अनुरुप योजना सञ्चालन गर्न विशेष पहल गरिनेछ ।साथै उक्त पुरातात्विक, धार्मिक तथा सांस्कृतिक तीर्थ स्थलहरुमा पुग्ने सडक स्तरोन्नतीका लागि पहल गरिनेछ ।

१०.यस गाउँपालिकाको वडा नं. ७ काहुले भंगार बुंकोटको किल्ला परिसरमा नेपालका प्रथम शहीद लखन थापा मगरले शहादत प्राप्त गरेको दिन फागुन २ लाई प्रथम शहीद लखन थापा स्मृति दिवस कार्यक्रम औपचारिक रुपमा मनाइदै आएकोमा यस कार्यक्रमलाई निरन्तरता दिदै लैजाने नीति लिइने छ ।

११. हरेक वर्ष गुठी पंचमीको दिन वडा नं. २ र ३ मनकामनामा धार्मिक/सांस्कृतिक रुपमा मनाइदै आएको गुठी पंचमी कार्यक्रमलाई गाउँपालिकाको आयोजना गरी मनाइने नीति लिइनेछ । माघे संक्रान्तिमा घैरुङमा लाग्ने माघी पर्व, हरिवोधनी एकादशीमा भिमविरेश्वर महादेवमा लाग्ने मेलालाई गाउँपालिकाले आयोजना गरी मनाउने नीति लिइनेछ ।

१२. प्रथम शहिद लखन थापा मगरलाई राष्ट्रिय विभूति घोषणा गर्न आवश्यक पहल गरिनेछ । साथै उनीसँगै देश र जनताको लागि बलिदानी दिने महान् सपुतहरु जयसिंह चुमी राना मगर अजपसिंह थापा मगर र जुठ्या थापा मगरलाई ,जीतमान गुरुङ्ग ,विराज थापा मगर , शहिद घोषणा गर्न र प्रथम जनविद्रोहको रुपमा कुराल राना मगर ,लम्साल (कालु)कानु , सुपति गुरुङ्ग र सन्त ज्ञान दिल दासलाई सम्मानको लागि आवश्यक ,सुकदेव गुरुङ्ग व्यवस्था र पहल गर्ने नीति लिइनेछ ।

१३. मनकामना मन्दिरलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्न आवश्यक पहल गरिनेछ ।
१४. ऐतिहासिक व्यक्तिहरुको जीवनीबारे खोज, अनुसन्धान तथा जानकारी सहितको पहिचानका लागि आवश्यक नीति लिइनेछ ।

## घरेलु तथा साना उद्योग सम्बन्धी नीति

१.गाउँपालिका भित्रका बेरोजगार युवा तथा युवतीहरुलाई विभिन्न प्रकारका सीपमूलक तालिमहरु प्रदान गरी आत्मनिर्भर बन्न प्रोत्साहित गरिनेछ ।
२.गाउँपालिकाले विभिन्न प्रकारका जस्तैः ड्राइभिङ्ग, हाउस वाइरिङ्ग, प्लम्बर, सिलाइ, बुनाइ, पेन्टिङ्ग, सिकर्मी, डकर्मी जस्ता सीपमूलक तालिमहरुको संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
३.रैथाने परम्परागत स्थानीय सीपको विकास र प्रबर्धनमा जोड दिइनेछ । जस्तैः (गुन्द्री, चकटी, मान्द्रो, डोको, थुम्से, बुन्ने, हलो, कुटो, कोदालो आदि निर्माण)
४.स्थानीय र परम्परागत रुपमा कार्य गर्दै आइरहेका आरन, सिलाइ, बुनाइ तथा ढाका कपडा उत्पादन जस्ता कार्यहरुलाई घरेलु उद्योगको रुपमा विस्तार गर्दै लगिने छ ।
५. स्थानीय स्तरमा भएका जडीबुटी, फलफूल, वन पैदावर, खानी जन्य वस्तुहरुको उत्खनन् तथा प्रसोधन गरी त्यसको उद्योग संचालनमा जोड दिइने छ ।

६.बाँस तथा वेतबाँस जन्य बस्तुहरुको उत्पादनका लागि तालिमको व्यवस्था गर्दै उद्योग निर्माणमा जोड दिइनेछ ।

७.गाउँपालिका भित्रका कृषिजन्य वस्तुहरुको उत्पादनलाई प्रसोधन गर्न एक औद्योगिक ग्रामको स्थापना गर्ने नीति तय गरिनेछ ।

८.उद्यम विकासका लागि सहज वित्तीय पहुँच सिर्जनाको लागि आवश्यक व्यवस्थाका लागि पहल गरिनेछ ।

९.स्वउद्यम विकासका लागि स्थानीय स्रोत र साधनको उपलब्ध मागको आधारमा समुचित विकास गरिने लक्ष्य लिइनेछ ।

१० .गाउँपालिका भित्रका अति गरिब,गरिब, एकल महिला,दलित, जनजाति, पिछडिएको वर्गहरु, बैदेशिक रोजगारबाट फर्किएका ब्यक्तिहरु, कोभीडले गर्दा रोजगार गुमाएका ब्यक्तिहरु, बेरोजगार युवा तथा युवतीहरुलाई विभिन्न प्रकारका उतपादनमूलक सिपमूलक तालिमहरु प्रदान गरि आत्मनिर्भर बन्न  प्रोत्सानहित गरिनेछ ।

११. स्थानिय स्तरमा रहेका स्रोत र साधनको पहिचान गरि उक्त स्रोत साधनको सदुपयोग हुने खालका तालिमहरुलाई प्राथमीकता दिइनेछ ।

१२.गाउँपालिका भित्रका कृषिजन्य तथा पशुजन्य उत्पादन वृद्धिमा टेवा पुराइ आयात प्रतिस्थापन तथा  निर्यातप्रबधनमा जोड दिइनेछ ।

१३. दिइएका तालिमहरुबाट ब्यबसाय सञ्चालन गरि आफु स्वंयम रोजगार भएका तथा अरुलाइ समेत रोजगार दिएका उद्यमिहरुलाई थप प्रोत्साहन गर्न ब्यक्तिगत तथा सामूहिक अनुदान प्रदान गरिनेछ ।

१४. परम्परागत सिपको प्रर्वदन गरि उक्त सिपहरुको आधुनिकिकरणमा जोड दिइनेछ।

## शिक्षा नीति

१. विद्यालयका शिक्षकले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले गाउँपालिकासँग विद्यार्थीको सिकाइ उपलब्धिसँग केन्द्रित कार्यसम्पादन करार गरिनेछ र सोको आधारमा उत्कृष्ट सिकाइ उपलब्धि भएका शिक्षक तथा विद्यालयलाई विषेश अनुदान तथा प्रोत्साहन गरिनेछ ।

२. कम्तीमा ३० वर्ष स्थायी सेवा अवधि भएका र ५५ वर्ष भन्दा माथि उमेर पुगेका शिक्षकलाई निवृत्त हुनका लागि  विशेष प्रोत्साहन  दिने नीति अवलम्वन गरिनेछ ।

३. स्थानीय आवश्यकतालाई सम्बोधन गर्नेगरी स्थानीय पाठ्यक्रम लेखन कार्यलाई अध्यावधिक तथा निरन्तरता दिदै पाठ्यपुस्तक लेखन कार्यको सुरुवात गरिनेछ ।

४.गाउँपालिका भित्रका संभावना बोकेका कम्तीमा एक सामुदायिक माध्यमिक विद्यालयलाई आवासीय विद्यालय निर्माण गर्न सुरुवात गरिनेछ ।

५. माध्यमिक तह र आधारभूत तहका  विद्यार्थीका प्रतिभा पहिचान गर्न नवीन  प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

६.   गाउँपालिका भित्र हाल सञ्चालनमा रहेका तर हालसम्म बालविकास सहजकर्ता नभएका सम्पूर्ण विद्यालयमा यस आ.वबाट स्वयम् सेवक शिक्षक व्यवस्था गरी सबै विद्यालयमा बालकक्षा सञ्चालन गरिनेछ।

७. समुदायबाट विद्यालय पुग्न ३० मिनेट भन्दा बढी समय लाग्ने अवस्थामा ३-४ वर्षका बालबालिका १० जना भन्दा बढी भई समुदायस्तरमा बालकक्षा सञ्चालन गर्न आवश्यकता देखिएमा स्वयम् सेवक शिक्षक व्यवस्थापन गर्ने नीति लिइनेछ ।

८. विद्यालयको सिकाइ उपलब्धी उच्च बनाउन विद्यालयको प्रस्तावना तथा कार्यान्वयन अवस्थाको आधारमा मूल्याङ्कन गरी नव प्रवर्तनात्मक कार्य गर्नलाई विद्यालयहरुलाई अनुदान दिने व्यवस्था मिलाइनेछ ।

९. दलित, सिमान्तकृत, अनाथ, असहाय, द्वन्द्व पीडित तथा आर्थिक रुपमा अति विपन्न परिवारका मेधावी विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययन गर्नका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१०. विषयगत क्षमता विकास तालिम(पाठ्यक्रम प्रवोधीकरण, IEMIS व्यवस्थापन, वि.व्य.स. अध्यक्ष तथा प्र.अ.को व्यवस्थापन क्षमता अभिवृद्धि, गणित,अङ्ग्रेजी, सामाजिक, विज्ञान, नेपाली तथा कम्प्युटर विषयका शिक्षकहरुलाई विषयगत तालिम, प्रधानाध्यापकलाई प्रविधिमैत्री तालिम, पुस्तकालय तथा विज्ञान प्रयोगशाला व्यवस्थापन तालिम, प्रश्न निर्माण कार्यशाला, बालविकास सहजकर्ताका लागि सामग्री निर्माण कार्यशाला, लेखा व्यवस्थापन तथा जिन्सी व्यवस्थापन तालिम) मागको आधारमा सञ्चालन गरिने छ ।

११. अनुगमन प्रणालीलाई सघन तथा नियमित रुपले सञ्चालन गरिनेछ ।

१२. English Language Teachingलाई प्रभावकारी बनाउनुका साथै कक्षा शिक्षणमा आधारभूत शब्दहरुको अनिवार्य प्रयोग बढाउन शिक्षक तालिमको व्यवस्था गरिनेछ ।

१३. दिवा खाजालाई प्रभावकारी र व्यवस्थित बनाउन भान्सा व्यवस्थापनमा सहयोग गरिनेछ ।

१४. विद्यालयमा iemis अद्यावधिक कार्यलाई विद्यालयमा अद्यावधिक गर्नुका  साथै प्रशासनिक कार्यमा प्रविधिसँग जोड्न आवश्यक उपकरणको व्यवस्था मिलाइनेछ ।

१५.IEMIS अद्यावधि कार्यलाई थप प्रभावकारी बनाउँदै विद्यालयलाई थप प्रावधिक क्षमता विकासको अवसर सिर्जना गरिनेछ । गाउँपालिकाको शैक्षिक तथा व्यवस्थापकीय योजना निर्माण तथा अन्य प्रशासनिक कार्यमा शैक्षिक  तथ्याङ्कलाई प्रयोग गरिनेछ।

१६.विद्यालय कर्मचारी बाल विकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकको नेपाल सरकारले  तोकेको पारिश्रमिकको मापदण्डलाई पूर्ति गर्ने गरि नेपाल

सरकारले उपलब्ध गराएको तलबभत्तामा थप भत्ता उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।

१७. प्राथमिक तहका बालबालिकाको आधारभूत साक्षरता सिप अभिवृद्धिका लागि रुम टु रिडसँगको साझेदारीमा विस्तार गरिनेछ । साथै, विद्यालयको शिक्षण सिकाइ, स्टेशनरी व्यवस्थापन तथा भौतिक निर्माणमा अन्य सरोकारवाला संघ संस्था तथा निकायहरुसँग सहकार्य गर्ने नीति लिइनेछ ।

१८. गाउँपालिकाको महत्वको क्षेत्रका सम्बन्धमा अध्ययन अनुसन्धान तथा सोध अनुसन्धान गर्न अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

१९.सकारात्मक चिन्तन, सामाजिक मूल्य मान्यता तथा नैतिक व्यवहार सम्बन्धमा विद्यालयहरुलाई मासिक रुपमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । साथै यसप्रकारका उत्प्रेरणात्मक कक्षाको लागि गाउँपालिकाले अन्य निकायसँग सहकार्य गरिनेछ ।

२०. निजी विद्यालयबाट सामुदायिक विद्यालयमा भर्ना हुन आउने विद्यार्थीलाई प्रोत्साहन गरिनेछ त्यसका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. विद्यार्थीमा अन्तरनिहित क्षमता अभिवृद्धि गर्न, शैक्षिक गुणस्तर वृद्दि गर्न तथा उनीहरुमा रहेको सामाजिक चेतका बारेमा अन्तरक्रिया गर्न विद्यार्थीसंग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२. गाउँपालिकाका सबै विद्यालयहरुलाई बाल मैत्री विद्यालयको रुपमा विकास गर्ने योजना तय गरिनेछ।
२३. बालबालिकाहरुको सिकाइ उपलब्धी अभिवृद्धि गर्नका लागि आवश्यक पहल गरिने छ ।

२४. विद्यालयहरुमा शैक्षिकस्तर वृद्धिका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु तयार गर्दै पुस्तकालय, प्रयोगशाला, ल्याब आदिको व्यवस्थालाई निरन्तरता दिदै यसको प्रयोगलाई बढाउनका लागि प्रोत्साहन गर्ने नीति  लिइनेछ ।

२५. विद्यालयस्तरका मूल्याङ्कन पद्धतिलाई व्यवस्थित र मर्यादित बनाउन गाउँपालिकास्तरीय परीक्षा संचालन गर्ने व्यवस्था लाई निरन्तरता दिइनेछ ।

२६. सामुदायिक विद्यालयको गुणस्तरमा वृद्धि गर्न दरवन्दि कम भएका विद्यालयहरुलाई स्वयम् सेवक शिक्षक उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता मिलाइने छ ।

२७. शहिद लखन गाउँपालिकास्तरीय रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गरी विद्यार्थीको खेल प्रतिभालाई निखार्दै लैजाने नीतिलाई निरन्तरता दिइनेछ ।

२८. गाउँपालिका भित्रका विद्यालयहरुलाई आवश्यकता, क्षमता र औचित्यताको आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्दै लैजाने गरी अवलम्बन गरिएको नीतिलाई आगामी वर्षमा समेत निरन्तरता दिइनेछ ।

२९. विद्यालय शिक्षालाई खेलकुदसँग आवद्ध गरी विद्यालय तथा विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा लाग्न अभिप्रेरित गरिनेछ । गाउँपालिकास्तरबाट खेलसँग सम्बन्धित प्राविधिक सहयोगलाई निरन्रता दिइनेछ ।साथै, यसबाट स्वस्थ जनशक्ति उत्पादन गर्ने अपेक्षा गरिएको छ ।

३०.आधारभूत तहको परीक्षालाई स्वच्छ, मर्यादित र पारदर्शी बनाइनेछ ।

३१. नेपालको संविधानले आधारभूत तह अनिबार्य तथा निशुल्क र माध्यमिक तह निशुल्क भनी गरेको व्यबस्थालाई प्रभाबकारी बनाउन गाउँपालिका स्तरमा विशेष कार्यक्रमको ब्यवस्था गरिनेछ ।

३२. विद्यालयमा गणित विषयमा अनुर्तीण हुने दरमा वृद्धि हुँदै गएको परिप्रेक्षमा यसलाई समय सापेक्ष सुधार गर्ने हेतुले गणित सुधार वर्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३३. महामारीजन्य विपदमा वैकल्पिक सिकाइका माध्यमबाट शिक्षण सिकाइ कार्यलाई निरन्तरता दिइनेछ । साथै यस कार्यलाई जिवन्त बनाउन र स्वास्थ्य सुरक्षालाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

## स्वास्थ्य नीति

१.नागरिकहरुको बाँच्न पाउने अधिकारको संरक्षणका लागि कोरोना रोग प्रतिकार्यका लागि कोभिड अस्पताल संचालनार्थ आवश्यक दक्ष जनशक्ति तथा पूर्वाधार विकास तथा व्यवस्थापनमा जोड दिइने छ ।मानसिक र दिर्घ रोगीहरुलाई नि:शुल्क रुपमा औषधि प्रदान गरिनेछ ।

२.यस गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा क्रमश: चौबीसै घण्टा स्वास्थ्य सेवा प्रदान गरिने नीति अवलम्बन गरिने छ ।

३.यस गाउँपालिका भित्रका नागरिकहरुलाई स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन हाललाई एक स्वास्थ्य संस्थाबाट फार्मेसी सेवाको प्रबन्ध मिलाइनेछ । साथै यस कार्यक्रमलाई आगामी वर्षहरुमा क्रमश: सबै वडाका स्वास्थ्य संस्थाहरुमा विस्तार गर्ने प्रबन्ध मिलाइनेछ ।

४.स्वास्थ्य क्षेत्रलाई अत्यावश्यक क्षेत्रको रुपमा विकास गरी स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा स्थापित गर्न स्वास्थ्यको पहुँच सर्वसाधारण सम्म सहज रुपमा पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।
५.आधारभूत स्वास्थ्य एवं प्राथमिक स्वास्थ्य सेवाको पहुँचयोग्य नभएका समुदायमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन सामुदायिक स्वास्थ्य इकाइको विस्तार गरी स्वास्थ्य सेवालाई जनताको पहुँचयोग्य बनाइनेछ ।
६.गाउँपालिका भित्र स्थायी बसोबास गर्ने सुत्केरी महिलाहरुलाई पोषणयुक्त खानेकुरा तथा सुआहाराका लागि आवश्यक सहयोग उपलब्ध गराउने नीति तय गरिनेछ ।
७.गाउँपालिकाभित्र रहेको स्वास्थ्य संस्था वाट संचालित गाउँघर क्लिनिक र खोप क्लिनिकको व्यवस्थापन र पूर्वाधारमा ध्यान दिइनेछ ।
८.स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरुको भौतिक पूर्वाधार विकास तथा स्तरवृद्धि गर्दै स्वास्थ्य क्षेत्रलाई सम्पादन गर्ने सेवालाई समयानुकूल गुणस्तरीय बनाउन पहल गरिनेछ ।
९.गर्भवति महिलाहरुको पोषण अवस्थामा सुधार ल्याउन र स्वास्थ्य संस्थामा सुत्केरी गराउने संख्यामा वृद्धि गराउन सुत्केरी प्रोत्साहन पोषण भत्ता प्रदान गर्ने नीति लिईनेछ । उक्त प्रोत्साहन रकम प्रत्येक स्वास्थ्य चौकीबाटै प्रदान गर्ने व्यवस्था गरिनेछ ।
१०.सेटलाइट क्लिनिक मार्फत स्वास्थ्य संस्थामा पहुँच नपुगेका सेवाग्राहीहरुलाई स्वास्थ्य क्षेत्रको पहुँचमा ल्याउने नीति लिइनेछ ।
११. आखाँ उपचार केन्द्र संग समन्वय गरि प्रत्येक स्वास्थ्य संस्था वाट त्रैमासिक रुपमा आँखाको जाँच गर्ने व्यवस्था गरिनेछ ।
१२. वर्थिङ्ग सेन्टर वाट दिईने सेवालाई अझ प्रभावकारी वनाउन आवश्यक सामग्रीहरुको व्यवस्थापन र सुरक्षित सुत्केरी गराउने स्वास्थ्य कर्मीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
१३.यस गाउँपालिकाको पोषणको स्थितिलाई मध्यनजर गर्दै सुनौला हजार दिनका आमा, बच्चा किशोरीहरुको स्थितिमा सुधार गर्न हाल कार्यान्वयनमा रहेको बहु क्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
१४. आगामी ३ वर्ष भित्रमा २० वर्ष देखि ६० वर्ष सम्मका गाउँपालिकाभित्र बसोबास गर्ने सबै महिलाहरुको पाठेघरको क्यान्सरको परीक्षण(VIA) गर्ने नीति लिइनेछ ।
१५.सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टर विस्तार गरी शुन्य होम डेलिभरीको नीति लिइनेछ ।
१६.स्वास्थ्य चौकी न्यूनतम सेवा मापदण्डको(HPMSS) लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रदान गर्ने नीति लिइनेछ ।
१७. सिमान्तकृत समुदाय,महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका र मानसिक स्वास्थ्य सम्बन्धी औषधी सेवन गरिरहेका नागरिकहरुको स्वास्थ्य विमा रकमको ५० प्रतिशत शुल्क अनुदान दिने व्यवस्था गरिनेछ ।
१८. शहिद लखन गाउँपालिका भित्र वसोवास गर्ने सवै नागरिकहरुलाई आगामी ५ वर्ष भित्र स्वास्थ्य विमामा आवद्द गराउने नीति लिइनेछ ।
१९. ५ वर्ष मुनिका वालवालिकाहरुको कुपोषण दर सून्य वनाउने नीति लिईनेछ ।

२०. स्वास्थ्य संस्था अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुलाई आफ्नो कार्य क्षेत्रमा रुचि बढाउनका निमित्त थप सुविधा प्रदान गर्ने नीति लिईनेछ ।

२१. गाउँपालिका भरिका जेष्ठ नागरिकहरुलाई घरदैलो र टोल मा पुगेर प्रदान गरिएको नि:शुल्क औषधि सहितको स्वास्थ्य सेवालाई निरन्तरता दिने निति लिईनेछ ।

२२. मधुमेह , मृगौला , कलेजो र विभिन्न सरुवा रोगहरुको न्यूनीकरण गर्न एवं स्वास्थ्य संस्थाको सेवा विस्तार गर्न सवै स्वास्थ्य संस्थाहरुमा ५ वर्ष भित्रमा प्रयोगशाला विस्तार गर्ने निति लिईनेछ ।साथै प्रयोगशाला सञ्चालन कार्यविधि मार्फत सेवा सुचारु गर्ने नीति लिइनेछ ।

२३. गाउँपालिका भरिका गर्भवति महिलाहरुलाई ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत सवै स्वास्थ्य संस्थाहरुमा मासिक रुपमा भिडियो एक्सरे सेवा प्रदान गर्ने र गर्भको अवधिभरमा १ पटक नि : शुल्क प्रयोगशाला परीक्षण गर्ने नीति लिईनेछ ।

२४. किशोर किशोरीहरुको पोषण को अवस्था पत्ता लगाउन विद्यालयमै शारीरिक परिक्षण र रक्त अल्पत्ताको लागि प्रयोगशाला परीक्षण गर्ने नीति लिईनेछ ।

२५. विशेषज्ञ सहितको घुम्ति शिविरको लागि स्वास्थ्य संगं सम्बन्धित गैरसरकारी संस्थाहरु सगं सहकार्य गर्ने नीति लिईनेछ ।

२६. हरेक स्वास्थ्य संस्थामा वैकल्पिक उर्जाको प्रयोग गरी २४ सै घण्टा विद्युतीय सेवा उपलब्ध गराउने नीति लिइनेछ ।

२७.गर्भवति तथा सुत्केरी महिलाहरुलाई माथिल्लो संस्थामा प्रेषण गर्दा नि :शुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने नीति लिईनेछ ।

२८. स्वास्थ्य शिक्षा , जनचेतनामा अभिबृद्धि, योग ध्यान , मेडिटेसनको माध्यम वाट ब्यक्ति , परिवार र समाजलाई स्वस्थ बनाउने नीति लिईनेछ ।

२९. जडिवुटि खेति उत्पादनमा बृद्धि गरी आर्युवेद चिकित्सकीय प्रणालिमा जोड्दै ब्यवहारमा लागु गर्ने नीति लिईनेछ ।

३०. आर्युवेद स्वास्थ्य सेवालाई विस्तार गर्दै लैजाने नीति लिईनेछ ।

## सामाजिक विकास तथा समाज कल्याण नीति

१. गाउँपालिका क्षेत्रमा बसोबास गर्ने पिछडिएका वर्ग समुदाय, जेष्ठ नागरिक, असहाय, अशक्त,अपाङ्ग, महिला तथा बालबालिकाको सशक्तिकरण र सामाजिक तथा आर्थिकरुपमा समतामूलक विकासका लागि लक्षित गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आदिवासी, जनजाति, दलित, सिमान्तकृत तथा अल्पसंख्यक समुदायको रैथाने सीप, पेशा, व्यवसाय, भेषभुषा तथा संस्कृतिको संरक्षण तथा प्रवर्धनात्मक कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३.बालबालिकाहरुको अधिकार संरक्षण, सुरक्षा र सम्भावनाहरुको विकासमा लगानी गरिनेछ ।

४. किशोर किशोरीहरुमा देखा परेको लागु पदार्थको दुर्व्यसनी नियन्त्रणका लागि रणनीतिक पहल गरिनेछ ।

५. महिला हिंसा तथा यौनजन्य हिंसाका घटना नियन्त्रणका लागि प्रवर्धनात्मक र निरोधात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. विगतका वर्षहरुमा सञ्चालन गरिएका आधारभूत सीप विकास तालिम लिई व्यवसाय सञ्चालन गरिरहेका वा सञ्चालनका लागि प्रकृया अगाडि बढाइरहेका महिलाहरुका लागि एडभान्स सीप विकास कार्यक्रम मार्फत पुर्नताजगी तालिम सञ्चालन गरी उधमशीलता विकासमा प्रोत्साहन गरिनेछ ।

७. जेष्ठ नागरिकको एक्लोपनाको समस्यालाई न्यूनिकरण गर्नका लागि सूविधा सम्पन्न जेष्ठ नागरिक मिलन केन्द्र स्थापनाको नीति लिइनेछ ।

८.व्यवसायिक रुपमा उद्यम सञ्चालन गरिरहेका नागरिक सचेतना केन्द्रहरु तथा महिला समूहहरुको क्षमता विकास गर्न बीउ पूँजी हस्तान्तरण गरी उद्यमशीलता विकास तर्फ प्रोत्साहित गरिनेछ।

९.एकल महिलाहरुलाई लक्षित गरी सीप विकास कार्यक्रम, क्षमता विकास कार्यक्रम तथा वित्तीय साक्षरताका कार्यक्रमहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

१०. एकल महिलाहरुद्वारा सञ्चालित उद्यम व्यवसायको प्रर्वधनको लागि अनुदानको व्यवस्था गरी व्यवसाय विस्तार गर्नका लागि प्रेरित गरिनेछ ।

११. लैंगिक हिंसा तथा यौनजन्य हिंसा पीडित व्यक्तिहरुको सुरक्षा, संरक्षण र सामाजिकीकरणमा सहयोग गर्न लैंगिक हिंसा निवारण कोष सञ्चालनमा ल्याई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१२.गाउँपालिका भित्रका दलित, जनजाति, सिमान्तकृत, अल्पसंख्यक तथा आर्थिक रुपमा विपन्न परिवारका नागरिकहरु मध्येबाट तोकिएको मापदण्डको आधारमा मेधावी विद्यार्थीहरुलाई सार्वजनिक सेवामा प्रवेशका लागि सहजीकरण गर्ने उद्देश्यले लोकसेवा तयारी अनुदान प्रदान गरिनेछ ।

१३. अपाङ्गता भएका व्यक्तिहरुका लागि आय आर्जन प्रर्वर्धन, सीप विकास तथा सहायता सामग्री वितरण कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिनेछ ।

१४. लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको अधिकार तथा स्वतन्त्रताको संरक्षण र प्रर्वर्धनका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. मानसिक तनाव तथा सामाजिक आर्थिक दबाबका कारण बढ्दो आत्महत्याको क्रमलाई रोक्न लक्षित क्षेत्र तथा समुदायमा मानसिक परामर्श तथा वित्तीय साक्षरताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६. उपभोक्ता अधिकारको संरक्षणका लागि नियमित बजार अनुगमन तथा उपभोक्ता जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. निगरानी समूह तथा टोल विकास संस्थाहरुको प्रभावकारीता तथा कार्यक्षमता बढाउन क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. स्तनपान गराउने महिलाहरुको सुविधा तथा बालबालिकाको स्तनपान गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न गाउँपालिका अन्तर्गतका हरेक कार्यालयमा सेवाग्राहीमैत्री छुट्टै स्तनपान कक्षको निर्माण कार्यलाई नीतिगत रुपमा अगाडि बढाइनेछ ।

१९. सामाजिक विसङ्गति र विकृतिको न्यूनीकरण तथा नियन्त्रण गर्दै सदाचार र सहिष्णुता कायम गर्न शहिद लखन गाउँपालिकाको जुवा ऐन तथा मदिरा ऐनले निर्दिष्ट गरे बमोजिम टोल विकास संस्थाहरुको प्रभावकारिता बढाउदै लैजाने नीति लिइनेछ । साथै सो कार्यका लागि निगरानी समूह र महिला समूहहरुको प्रभावकारी परिचालन गरिनेछ ।

## युवा तथा खेलकुद नीति

१.गाउँपालिकास्तरको खेलमैदान निर्माण गरिनुका साथै गाउँटोल स्तरमा पनि सम्भाव्यता अध्ययन गरी एक वडा एक खेल मैदानको निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

२.स्वस्थ, तन्दुरुस्त र अनुशासनका लागि खेलकुद भन्ने नाराका साथ युवाहरुलाई खेलप्रेमी बनाउँदै उनीहरुमा पैदा हुने गलत आचरण (लागु औषध दुर्व्यसनी, चोरी डकैती)सुधार्ने उदेश्य लिइनेछ ।

३.प्रथम शहीद लखन थापा मगरले शहादत प्राप्त गर्नुभएको दिन फागुन २ गतेको स्मृति दिवसको सन्दर्भमा हरेक वर्ष प्रथम शहीद लखन थापा मगर स्मृति रनिङ्ग शिल्ड प्रतियोगिता तथा राष्ट्रपति रनिङ्ग शिल्डको तयारी प्रतियोगिता संचालन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

४. स्वस्थ जनशक्ति उत्पादन गर्न खेल क्षेत्रलाई प्राथमिकतामा राखिनेछ । युवा क्लब हरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

५. युवालाइ खेल क्षेत्रसँग आकर्षण गर्न विभिन्न संघ संस्थाले आयोजना गर्ने प्रतिस्पर्धात्मक खेलकुदमा भाग लिन प्रोत्साहित गरिने व्यवस्था अवलम्बन गरिनेछ।

६ युवाहरुलाइ स्वरोजगार तथा उद्यमसिल बनाउन समयसापेक्ष सिपमुलक तालिमको व्यवस्थापन गरिनेछ।

७ श्रमजीवि युवाहरुको पहिचान गरि प्रधानमन्त्री रोजगार कार्यक्रमसँग जोडिनेछ।

८.युवा तथा खेलकुद समिति निर्माण गरि युवाहरुलाई खेलप्रति आकर्षित गर्ने नीति लिइनेछ।

## खानेपानी तथा सरसफाइ नीति

१. गाउँपालिकाको बजार क्षेत्रको फोहोरको दीर्घकालिन व्यवस्थापनका लागि उपयुक्त Landfield Site पहिचान तथा निर्माण गरी फोहोर व्यव्रस्थापन कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

२. अधुरो रहेका योजनाहरु सम्पन्न गर्ने नीति अबलम्बन गरिनेछ ।

३. सरकारी तथा गैह्र सरकारी संघ संस्था हरुको समन्वय र सहकार्यमा एक घर एक धारा खानेपानी कार्यक्रमलाई जोड दिइनेछ ।

४. सुरक्षित खानेपानीको सुनिश्चिचताको लागि गाउँपालिमा दर्ता भएका खानेपानी योजनाहरुको पानी गुणस्तर परीक्षणको नीति लिइनेछ ।

५. खानेपानी मुहान तथा उपभोक्ता समिति दर्तालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

६. खानेपानीको दीगोपनका लागि हेरालुहरुलाई आवश्यक तालिमको व्यवस्था गर्ने नीति लिइनेछ ।

७. हरेक टोलमा ल्याण्ड फिल साइटको पहिचान तथा व्यवस्थापन गरी फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउने नीति लिइनेछ ।

## गैह्रसरकारी संस्था सम्बन्धी नीति

१. गाउँपालिका क्षेत्रभित्र कार्यक्रम गर्नुपूर्व नै गैह्र सरकारी संस्थाहरुले आगामी बर्षको आ-आफ्नो कार्यक्रम सहित गाउँपालिकाबाट स्वीकृत लिनुपर्नेछ ।

२. गैह्र सरकारी संस्थाद्वारा गठित उपभोक्ता समितिहरु गाउँपालिकामा प्रमाणित गरिनुपर्ने नीति लिइनेछ ।

३.गाउँपालिका क्षेत्र भित्र कुनै पनि गैह्र सहकारी संस्थाले कार्यक्रम गर्नु पुर्ब अनिवार्य रुपमा गाउँपालिकासँग अनुमति लिई सम्झौता गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने नीति लाई कडाईका साथ लागु गरिनेछ ।

४.यस गाउँपालिका भित्र संचालनमा रहेका गैह्रसरकारी संस्थाहरुलाई एकद्वार प्रणाली अन्तरगत सेवा संचालन गर्ने नीति अवलम्वन गरिने छ ।

## जेष्ठनागरिक आदिवासी जनजाती दलित मुश्लिम द्वन्द्व प्रभावित भिन्न क्षमता भएका व्यक्ति तथा पिछडा बर्ग सम्वन्धी नीति

१.आदिवासी जनजाति, तथा मुश्लिम समुदायको भाषा, धर्म, कला, संस्कृति, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । साथै लक्षित कार्यक्रमको माध्यमद्वारा उनीहरुको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक विकासमा विशेष ध्यान दिइनेछ ।

२.ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा भत्ता प्रदान, ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम तथा आन्तरिक रोजगारी प्रबर्द्धन नीति

१.बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई स्वदेशमा नै व्यवसाय संचालन गरी स्वरोजगार हुन तथा रोजगारीका अवसरहरु सृजना गरी व्यवसाय संचालन तथा विस्तारका लागि विउ पूँजी प्रदान गर्न “शहिद लखन युवा स्वरोजगार घुम्ती कोष“ संचालन गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

२. गाउँपालिका भित्रका बेरोजगार युवाहरुलाई निजी क्षेत्रसँगको साझेदारीमा रोजगारीमा आवद्ध गर्ने नीति लिईनेछ।

३. गाउँपालिकामा बोलपत्र मार्फत् सञ्चालन हुने योजनाहरुमा आवश्यक अदक्ष कामदारहरु प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत ब्यक्तिहरुलाई प्राथमिकतामा राखि काममा लगाउने नीति लिइनेछ ।

४. जलवायु अनुकुल तथा वातावरण संरक्षण जस्ता योजनाहरु संचालन गरी १८-४० वर्ष उमेर समुहका बेरोजगार युवाहरुलाई कम्तीमा ५० दिन रोजगारी उपलब्ध गराउन“शहिद लखन युवा रोजगार कार्यक्रम“ संचालन गर्ने नीति लिईनेछ ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् पूर्वाधार विकासका कार्यहरु गर्दा आवश्यक निर्माण सामग्रि खरिदका लागि आवश्यक बजेट साझेदारी गरिनेछ ।

६. श्रम बैंकको निर्माण गरी गाउँपालिका भित्र रहेका बेरोजगार युवाहरुलाई गाउँपालिकाबाट सञ्चारलन हुने योजनाहरु काम लगाई अल्पकालिन रोजगारी प्रदान गर्दै लगिनेछ ।

## बैदेशिक रोजगार सम्बन्धी नीति

१. बैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित बनाउन विभिन्न कार्यक्रमहरु संचालन गर्ने निति लिईनेछ।

२. बैदेशिक रोजगारीमा गएका घर परिवारका सदस्यहरुलाई आय आर्जन तथा विप्रेषणलाई सही क्षेत्रमा लगानी साक्षरता कक्षा सञ्चएलानलाई निरन्तरता दिइनेछ ।

३. बैदेशिक रोजगारीबाट सिर्जित विभिन्न सामाजिक समस्याहरु न्यूनीकरण गर्न मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

## *सडक तथा यातायात नीति*

१. गाउँपालिका स्तरीय यातायात गुरु योजना र आवधिक योजना अनुरुप सडकहरुलाई स्तरउन्नती गर्ने कार्यलाई बार्षिक योजना तर्जुमा कार्यसंग आवद्ध गरिनेछ ।

२. गाउँपालिका स्तरीय गौरवको आयोजना सञ्चालनलाई निरन्तरता दिने नीति अवलम्वन गरिनेछ ।

३. सडक मापदण्ड र भवन मापदण्ड अनुरुप आनिवार्य रुपमा नक्सापास गरेर मात्रै घरसंरचना निर्माण गर्ने र वस्ती तथा सडक क्षेत्रलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

४. विपद उत्थानशील सडक तथा सडक संरचना निर्माणमा जोड दिइने छ ।

५. सडक मापदण्डरभवन मापदण्ड अनुरुप आनिवार्य रुपमा नक्सापास गरेर मात्रै घरसंरचना निर्माण गर्ने र वस्ती तथा सडक क्षेत्रलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

६ . ५ वर्ष भित्र MTMP मा समावेश भएका मुख्य सडक ए श्रेणीलाई कालोपत्रे गसिक्ने र B श्रेणीका सडकहरुलाई गुणस्तरीय ग्रावेल गरिसक्ने साथै अन्य सडकलाई स्तरोन्नति गर्ने नीति लिइनेछ ।

७. सडक तथा पूर्वाधार सम्बन्धी स्थानीय निर्माण मजदुर तथा सरोकारवालाहरुका लागि तालिम तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. सडक मर्मत संभारलाई विशेष ध्यान दिई बाह्रै महिना सवारी आवतजावतलाई सहजीकरण गर्ने नीति लिइनेछ

९. सडक निर्माणबाट सृजित पहिरो तथा भुक्षय नियन्त्रणका लागि बायो इन्जिनियरिङ प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

१०. योजना तथा कार्यक्रमलाई गाउँपालिका स्तरीय, वडा स्तरीय र टोल वस्ती स्तरीय गरी वर्गीकरण गर्ने नीति लिइनेछ ।

११. मुख्य सडक, बजार क्षेत्र, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक तीर्थ स्थलहरुमा सडक बतीको व्यवस्थाका लागि पहल गरिनेछ ।

१२. सडक छेउछाउ वृक्षरोपण गरी हरियाली प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

## सामुदायिक भवन निर्माण नीति

१. प्रत्येक टोलमा सरकारी लगानीमा एउटा भन्दा बढी सामुदायिक भवन निर्माण नगर्ने नीति लिइनेछ ।

२.घर नक्सापासलाई अनिवार्य बनाई नक्सापास नभइ बन्ने नयाँ घरलाई विद्युत र खानेपानीको सिफारिस नदिने नीति लिइनेछ ।

३. गाउँपालिका भित्रका सम्पूर्ण घर अभिलेखीकरण व्यवस्थापन गर्ने नीति लिइनेछ ।

४.नक्सापास सम्बन्धि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी अनलाइन नक्सापास व्यवस्थापनको नीति लिइनेछ ।

## उपभोक्ता समिति सम्बन्धि नीति

१. उपभोक्ताहरुले प्रत्यक्ष लाभ प्राप्त गर्ने, तत्काल रोजगारी सिर्जना गर्ने र आय आर्जन बृद्दि गर्न योगदान पुऱ्याउने योजना कार्यक्रमहरु उपभोक्ता समिति मार्फत संचालन गरिने नीति लिइनेछ ।

२.आयोजना संचालन संबन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।

३. एक उपभोक्ता समितिको कार्यसमितिमा रहेका व्यक्ति अर्को उपभेक्ता समितिको कार्य समितिमा रहन नपाउने नीति लिइनेछ । साथै जनप्रतिनिधि तथा नेपाल सरकारको अनुदान उपयोग गर्ने व्यक्तिहरुलाई पनि उपभोक्ता समितिमा रहन नमिल्ने व्यवस्थालाई कडाइका साथ अवलम्वन गरिनेछ ।

४.उपभोक्ता समिति मार्फत् संचालन गरिने योजना कार्यान्वयनमा स्थानीय कामदार र श्रमिक उपलब्ध भएमा उनीहरुलाई रोजगारी दिने नीति लिईनेछ ।

५. ५ लाख सम्मका योजनामा उपभोक्ता समितिको श्रम सहभागिता १० प्रतिशत र ५ लाख भन्दा बढी रकम विनियोजन भएका योजनाहरुमा उपभोक्ता समितिको ५ प्रतिशत लागत सहभागिता र ५ प्रतिशत श्रम सहभागिता गराउने नीति लिइनेछ ।

## विकास सम्बन्धी नीति

१. गाउँपालिकाको समपुरक कोष कार्यविधि ,२०७७ ले निर्धारण गरेको प्राथमिकताको अनुपातलाई मध्यनजर गर्दै उत्पादनमुखी, दिगो विकासको लक्ष्य अनुरुप विकासात्मक कार्यलाई अघि बढाउने नीति लिइनेछ ।

२. गाउँपालिकाको आवधिक योजना र मध्यकालिन खर्च संरचनामा उल्लिखित योजना तथा कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिइनेछ ।

## विद्युतीकरण सम्बन्धी नीति

१. गाउँपालिका भित्रका सबै काठेपोल विस्तापित गरी स्टील पोल जडान गर्ने नीति लिइनेछ

२. वैकल्पिक उर्जाको प्रयोर्ग गरी दीगो विकासको लक्ष्य प्राप्तिलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

३. विद्युत प्रशारण लाइनलाई व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।

## वन तथा भू-संरक्षण नीति

१. सामुदायिक वन तथा पर्यापर्यटन प्रवर्द्धन गर्नका लागि विभिन्न गैह्रसरकारी संघसंस्थाहरुसंङ्गको सहकार्य एवम् समन्वयमा कार्यक्रम संचालन गरिने छ ।

२. वन डढेलो व्यवस्थापनको लागि अग्निरेखा व्यवस्थापनमा जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।

३. गाउँपालिका क्षेत्र भित्र रहेका वन हरियाली, सिमसार, पानीका मुहान खाली क्षेत्र र नदीको तटको उचित व्यबस्थापन गरिनेछ ।

४. सामुदायिक वन पैदावरको उत्पादन प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधिकरणमा जोड दिइनेछ ।

५. सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादन हुने वन पैदावरहरुको बिक्री बितरण तथा वन स्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत सुधार गरिनेछ ।

६. वन पैदावरबाट उत्पादित वस्तुहरुको उद्योग (दुना, टपरी, काष्ठकला) निर्माणमा जोड दिइनेछ ।

७.सामुदायिक बन उपभोक्ता समूहलाई विभिन्न संघसंस्थासंगको सहकार्यमा वन कार्ययोजना निमार्ण गरी वन जंगगलको दीगो संरक्षण तथा संबर्धनमा जोड दिइनेछ ।

८ भुमिहिन दलित, सुकुम्बासी र अव्यबस्थित बसोबासीहरुलाई जग्गा प्रदान तथा व्यवस्थापन गर्ने कार्यका लागि प्राथमिकताका साथ विशेष पहल गरिने छ ।

९. सामुदायिक वन उपभोक्ता समुह लगायतका समुदायमा आधारित वन व्यवस्थापन आदिवासी जनजातीद्धारा व्यवस्थित गरिएको प्रथाजनित वन नीजि तथा पारिवारिक नीजि वन दर्ता संचालन र व्यवस्थापन सम्बन्धी नीतिमा जोड दिइनेछ । गाउँपालिकास्तरमा नीजि सहकारी समुदाय र सरकारको साझेदारीमा ठूला वन उद्यम संचालन गरी काठ, दाउरा, फर्निचर, जठीबुटी लगायत अन्य उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरिने छ ।

१०. वनमा डडेलो लगाउनेलाई कानून बमोजिम दण्डित गरी वन तथा वन पैदावर संरक्षणमा विशेष ध्यान दिइनेछ ।

११. जडिबुटी खेतीलाई प्रवर्द्धन गरी आत्मनिर्भर बन्ने नीति अवलम्वन गरिनेछ ।

१२. खाली सार्वजनिक जग्गाहरुमा उपयोगी बोटजन्य विरुवा लगाई वृक्षरोपण गर्ने नीति लिइनेछ ।

## राजश्व सम्बन्धी नीति

१.यस गाउँपालिकाले कर प्रणालीलाई सवल, सक्षम र प्रभावकारी तुल्याउनका लागि करको दायरालाई विस्तार गर्दै व्यवसायिक करमा आवद्ध नभएका सबै व्यवसायीहरुलाई करको दायरामा ल्याउने, करका दरहरुलाई समयानुकूल संशोधन गरिने, एकीकृत सम्पती कर असुली कडाईका नीति अवलम्बन गरिने र घरवहाल करलाई समेत प्रभावकारी तुल्याउदै स्वयम् घोषणाको नीति अवलम्बन गर्दै गाउँपालिकाको आन्तरिक आम्दानीको क्षमता अभिवृद्धि गरिनेछ ।

२. राजश्व संकलनलाई प्रभावकारी बनाउन र जनस्तरबाट राजश्व बुझाउने प्रक्रियालाई चुस्तदुरुस्त बनाउन वडागत घुम्ती सेवा केन्द्र संचालन गरिने छ । साथै, राजश्व संकलन

सम्बन्धमा जनचेतनामूलक एवम् अन्तरक्रिया कार्यक्रम र घुम्ती सेवा संचालनमा जोड दिइने छ ।

३.गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।

४.गाउँपालिकाको राजस्व अभिवृद्धिमा टेवा पुर्याउन उद्योग वाणिज्य संघसँग समन्वय गर्ने नीति तय गरिनेछ ।

५.राजश्व संकलनलाई वृद्धि गर्न भूमि तथा सम्पत्ति करलाई अनिवार्य बनाई त्यसको आधारमा गाउँपालिकालेप्रदान गर्ने सेवा नियमन गर्ने नीति लिईनेछ ।

६.व्यवसाय कर प्रणालीलाई सरल एवं उद्देश्यात्मक तुल्याउन विस्तृत कार्यनीतिहरु सहितको व्यवसाय कर सुधार योजनाको विकास गरी लागु गरिनेछ ।

७.व्यवसाय करको दायरालाई विस्तार गर्न तथा सवै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउन दर्ता नभई अनौपचारिक रुपमा सञ्चालनमा रहेका सवै व्यवसायको अभिलेखीकरण गरिनेछ ।

८.चालु आ.व को पहिलो चौमासिक भित्र सम्पत्ति तथा भूमि कर तिर्ने करदाताहरुलाई १० प्रतिशत छुटको व्यवस्था गर्ने र पहिलो चौमासिक पश्चात गाउँपालिकाबासी नागरिकहरुले गाउँपालिका र मातहतका कार्यालय मार्फत सेवा लिनु पर्दा अनिवार्य रुपमा सम्पत्ति तथा भूमि कर तिरेको निस्सा देखाउनु पर्ने व्यवस्था लागु गर्ने नीति लिइनेछ ।

९.हरेक आर्थिक वर्षमा व्यवसाय कर, बहाल कर, सम्पत्ती र भूमि कर तिर्ने करदाताहरु मध्ये सबैभन्दा बढी कर तिर्ने एक/एक जना करदाताहरुलाई पुरस्कार सहित सम्मान गर्ने नीति लिइनेछ ।

१०.सम्पत्ति मूल्याङ्कन कार्य गर्दा ३ करोड सम्मको मूल्याङ्कनमा ०.५ प्रतिशत कर लाग्ने तथा सो भन्दा बढीको मूल्याङ्कन कार्य गर्दा शुरुको ३ करोडको ०.५ र थप हुन आउने मूल्याङ्कन रकममा १ प्रतिशत सम्पत्ति मूल्याङ्ककन कर लाग्ने व्यवस्था सम्बन्धी नीति लिइनेछ ।

## सूचना प्रबिधि सम्बन्धि नीति

१.व्यापारिक बजार क्षेत्र तथा अन्य महत्वपूर्ण सार्वजनिक स्थलहरुमा सि.सि. क्यामेरा जडान गरी निगरानी गर्ने व्यवस्था गरिनेछ ।

२.गाउँपालिका तथा वडा कार्यालयहरुवाट हस्तलिखित रुपमा संचालन भएको सेवा प्रवाह पूर्ण रुपमा सुचना प्रविधि मैत्री भैसकेकोले यसलाई निरन्तरता दिँदै थप प्रभावकारी वनाउन विभिन्न सूचना प्रविधि मैत्री तालिमद्धारा कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यक व्यबस्थालाई नियमित गरिनेछ ।

३.ब्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइनबाट दर्ता गर्ने कार्य थालनी भैसकेको हुँदा यसलाई निरन्तरता दिईने छ ।

४.कार्यालयवाट सम्पन्न गरिने योजना तथा कार्यक्रम सम्वन्धी सफ्टवेर तयार एवं प्रयोग गरी योजना सम्झौता लगायत भुक्तानी सम्मको प्रकृयालाई प्रविधि मैत्री एवं सुविधायूक्त भैसकेकोले यसलाई निरन्तरता दिईनेछ ।

५.गाउँपालिका र वडा कार्यालयवाट सेवा प्रवाह वापत लिईने शुल्क,दस्तुर रकम सफ्टवेयर (Centralized Computerized Billing _ मार्फत कार्यान्वयन गरी सकिएकोले यसलाई निरन्तरता दिन हाल संचालनमा रहेको Server को क्षमता बृद्धि गरिनेछ । यसवाट दैनिक आन्तरिक आम्दानी गाउँपालिका र जुनसुकै वडा कार्यालयवाट समेत तत्काल हेर्न सकिनेछ ।

६.गाउँपालिका भित्र नयाँ निर्माण गरीने घरको नक्सा पास तथा पुराना निर्माण भईसकेका घरको अभिलेखीकरण विद्युतीय प्रणाली -EBPS_मार्फत शुरु गरिने छ ।

७.जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गरी सेवा प्रवाहमा छिटो छरितो चुस्त दुरुस्त, सेवामूखी र पारदर्शिता कायम गर्न बजेट विनियोजन गरी कर्यक्रम संचालन गरिनेछ ।

८.गाउँपालिका लगायत सबै वडा कार्यालयमा सुचना केन्द्रको स्थापना र संचालन गर्ने कार्य गरिनेछ ।

९.गाउँपालिकाका तथ्यांकहरुलाई Digitized गर्ने नीति लिइनेछ ।

१०. गाउँपालिकाको डिजिटल प्रोफाइललाई अध्यावधिक गर्दै लगिने नीति लिइनेछ ।

११.राजस्वको अनलाइन भुक्तानीका लागि Payment Gateway निर्माण गर्ने नीति लिइनेछ ।

## ***सूशासन तथा संस्थागत क्षमता विकास***

१. गाउँपालिकामा सेवा प्रवाह सञ्चालन केन्द्रको स्थापना गरी one door policy को अवधारणा बमोजिम Faceless service delivery को व्यवस्था मिलाइनेछ ।

२. गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको सूचना प्रविधिमैत्री नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ ।सञ्चालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, प्रगति प्रतिवेदन जस्ता नियमनकारी कार्य मार्फत सुशासन कायम गर्ने नीति लिइनेछ ।लिखित, मौखिक,उजुरी पेटिका, सञ्चार माध्यम तथा अनलाईन मार्फत उजुरी तथा गुनासो संकलनको व्यवस्था गरी उक्त गुनासो तथा उजुरीको समयमै कारवाही तथा सुनुवाईको व्यवस्था गरी Rapid Response को व्यवस्थापन गरिनेछ । गुनासो सुन्ने अधिकारीको व्यवस्था, गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था, गुनासोको वर्गीकृत अवस्था तथा गुनासो सम्बोधनको अद्यावधिकको व्यवस्थापन गरिनेछ ।

३. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि उत्प्रेरणा, सकारात्मक सोच तथा मनोबल अभिवृद्धिका लागि योग, ध्यान, सदाचार, शिष्टाचार तथा आध्यात्मिक चेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम तथा सूचना प्रविधि सम्बन्धी सिप विकास तालिमको व्यवस्था गरिनेछ ।

४.गाउँपालिकाको अडियो नोटिस बोर्ड नं. मार्फत गाउँपालिकाको समसामयिक सूचना तथा जानकारी र सेवा प्रवाहका लागि जनप्रतिनिधि तथा कर्मचारीहरुको उपलब्धताबारे जानकारीको व्यवस्था गरिनेछ ।

५.सबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, हेल्प डेक्स, मेलमिलाप केन्द्र र विद्युतीय नागरिक बडापत्रको व्यवस्थापन गरी प्रभावकारी बनाइनेछ ।

६.भौगोलिक सन्तुलनका आधारमा गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु घुम्ती सेवा मार्फत उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

७.गाउँपालिका र वडा कार्यालयहरुमा नेपाल टेलिकमसँगको सहकार्य तथा समन्वयमा लिज लाईन विस्तार गरी स्तिर इन्टरनेट, ल्याडलाईन तथा इन्टरकम फोनको व्यवस्थापन गरी अन्तर शाखा तथा वडा समन्वय तथा सहकार्यमा सहजीकरण गरिनेछ ।

८. गाउँपालिको नीति, नियम र कानूनको प्रभावकारी  कार्यान्वयन गराउन नगर प्रहरीको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

९. अनलाइन रिपोटिङ व्यवस्थापन प्रणाली अवलम्वन  गरी प्रगती विवरण सार्वजनिक गर्ने नीति लिइनेछ ।

१०. प्रत्येक वर्ष वस्तुगत मूल्याकंनको आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने  कर्मचारीलाई पुरस्कृत गरी कर्मचारी उत्प्रेरित गर्ने नीति लिइनेछ ।

११. बजार मूल्यको अवस्था, कार्यबोझ, कार्य प्रकृतिको मूल्याकंन तथा पुनरावलोकन र गाउँपालिकाको राजश्व क्षमताको आधारमा कर्मचारीको सेवासुविधा वृद्धि गर्दै लैजाने नीति लिइनेछ ।

१२. प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षहरुले अध्यक्षसँग र कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृतसँग कार्य सम्पादन करार गरी प्रभावकारी कार्य सम्पादनमा जोड दिने नीति लिइनेछ ।

## न्यायिक सम्पादन नीति

१. न्यायिक निरुपण सम्बन्धी कामकाजलाई प्रविधिमैत्री बनाई विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरी विवादहरुको वर्गीकरण गरी अद्यावधिक गरिनेछ ।
२. गाउँपालिका भित्रका मेलमिलापकर्ताहरुलाई सूचिकृत गरी सबै वडाहरुमा मेलमिलाप केन्द्रहरुको स्थापना गरिनेछ र वडामा दर्ता भएका न्यायिक निरुपण सम्बन्धीका विवादहरु

वडा स्तरबाटै समाधान गर्ने प्रबन्ध मिलाइनेछ । साथै न्यायिक निरुपणमा संलग्न सदस्य तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक पुनर्ताजगी  तथा सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था मिलाईनेछ ।

३. गाउँपालिकाको न्याय प्रणालीलाई निष्पक्ष, स्वतन्त्र, पहूँचयोग्य, सक्षम तथा कानूनी राज्यको अवधारणा लगायतका मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध गाउँपालिका निर्माण गर्न प्रयत्न गरिनेछ ।

४. न्यायिक निरुपणका लागि विस्तृत कार्ययोजना निर्माण गरी सोही बमोजिम कार्यक्रम तथा योजनाहरु सञ्चालन गरिनेछ ।

५. न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको मासिक वा आवश्यकतानुसार बैठकको सञ्चालन गरी कार्ययोजना अनुरुप क्रियाकलाप तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. विवाद रोकथाम तथा न्यूनिकरणका लागि टोल-टोलमा नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।विभेद तथा उत्पिडनमा परेका नागरिकहरुको स्तरोन्नतिका लागि विशेष योजना तथा कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

७. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन तथा अन्य मूल्यांकनका सूचकलाई समेत ध्यानमा राखी न्यायिक निरुपणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

८. विवाद निरुपणका लागि मिलापपूर्ण शैली (Collborating Strategy)  अवलम्बन गरी दुवै पक्षको Win Win  को अवस्थाका लागि प्रयास  गरिनेछ ।

९. समाजमा हुने विवाद तथा द्वन्द्व न्यूनिकरण तथा रोकथामका लागि नागरिक समाज, राजनीतिक दल, गैर सरकारी संस्थाहरुको सहयोगमा आवश्यकता बमोजिम सचेतना तथा मेलमिलाप सम्बन्धी कार्यक्रमको सञ्चालन गरिनेछ ।

१०. पिछडिएको तथा उत्पिडनमा परेकाहरुलाई सकरात्मक विभेद तथा समानुपातिक प्रतिनिधित्व गराई सबै खाले विभेद, हिंसा र शोषणको अन्त्यका लागि संकल्प गर्दै न्याय र दण्ड व्यवस्था सम्बन्धीको नीति अवलम्बन गरिनेछ ।

११. दीगो शान्ति र सुशासनप्रति प्रतिबद्ध रही समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाज निर्माण गर्न कानूनी शासनमा जोड दिइनेछ ।

१२. सामाजिक तथा सार्वजनिक योजना तथा कार्यक्रमहरु सञ्चालनमा विभेद नहुने गरी सरोकारित पक्षहरुबीच समन्वय तथा सुसम्बन्ध कायम गर्दै पहूँच र अवसरलाई न्यायोचित वितरणको व्यवस्था मिलाइनेछ ।

१३. विवाद निरुपणमा संग्लन मेलमिलाप कर्ताहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

## सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता नीति

१ .गाउँपालिकामा जन्म दर्ता दर शतप्रतिशत बनाउने तथा अन्य व्यक्तिगत घटना दर्तामा उल्लेखनीय वृद्धि गर्नेनीति लिइनेछ ।

२.गाउँपालिका भित्रका असहाय, अशक्त, अपाङ्ग र जेष्ठ नागरिक सामाजिक सुरक्षा लाभग्राहीहरुको बैंक खाता रहेको  बैक तथा वित्तिय संस्थाहरुसँगको सहकार्य तथा

सहयोगमा सम्बन्धित टोलमा निज व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने नीति लिइनेछ ।

## भूमि सम्बन्धि समस्या समाधान नीति

१. गाउँपालिका भित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, र अव्यवस्थित बसोबासीहरुको लगत संकलन कार्यलाई थप प्रभावकारी बनाई वास्तविक लाभग्राहीको पहिचान गरिनेछ ।
२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, र अव्यवस्थित बसोबासीहरुलाई भू-उपयोग ऐन बमोजिम प्रदान गर्न सकिने जग्गाको पहिचानका लागि भूमि सम्बन्धी समस्या समाधान आयोगसँग समन्वय गरी कार्य अगाडि बढाइनेछ ।
३.भूमिहीन दलित, सुकुम्बासी र अव्यबस्थित बसोबासीहरुलाई जग्गा प्रदान तथा व्यवस्थापन गर्ने कार्यका लागि प्राथमिकताका साथ पहल गरिने छ ।

उत्पादन, उत्पादकत्व, रोजगारी वृद्धि गरी आर्थिक समृद्धि र कृषि पर्यटन र पूर्वाधारको दिगोपनाः समृद्ध, सुसंस्कृत शहिद लखन को लक्ष्य हालिन गर्दै गाउँपालिका बासीको अपेक्षा पूरा गर्ने हामी सबैको प्रयत्न रहनेछ । नेपाल सरकार र गण्डकी प्रदेश सरकारसँगको सहकार्य मार्फत् आत्म निर्भर, सम्वृद्ध र सुसंस्कृत शहिद लखनको जनचाहना बमोजिमको विकास कार्य अघि बढाउन आ.व. २०७९।८० को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट मद्दत पुग्ने विश्वास लिएको छु । गाउँपालिकाको विकासमा योगदान गर्नुहुने जनप्रतिनिधि ज्यूहरु, विज्ञ सल्लाहकार ज्यूहरु, राजनीतिक दल, कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, पत्रकार तथा सञ्चार जगत, गैरसरकारी क्षेत्र लगायत सम्पूर्ण गाउँपालिका बासी प्रति हार्दिक आभारका साथै आगामी दिनमा पनि सहयोगको लागि आग्रह गर्दछु ।

धन्यबाद ।